नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

## प्रेश विज्ञप्ति

(मिति २०७४।११।०६)

पत्रकार तथा संचारकर्मीज्यूहरु,

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले तोकिएको म्याद भित्र सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धमा उक्त ऐनको दफा ३८ को खण्ड (ग) तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ को नियम ९ र १० को व्यवस्था बमोजिम अनुगमन गर्ने क्रममा यस केन्द्रबाट गत आ.व. २०७३।७४ को सम्पत्ति विवरण अनुगमन गरी तोकिएको म्याद भित्र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीहरुको संक्षिप्त विवरण सम्बन्धित सबैको जानकारीको लागि प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ ।

### सम्पत्ति विवरण सम्बन्धी कानूनी व्यवस्था

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा प्रत्येक सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको सम्पत्तिको अद्यावधिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र प्रत्येक वर्ष नेपाल सरकारले तोकेको निकाय समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । सो म्याद भित्र सम्पत्ति विवरण पेश गर्न नसकेको व्यक्तिले मनासिब कारण सहित म्याद थपको लागि अनुरोध गरेमा सम्बन्धित निकाय वा अधिकारीले बढीमा तीस (३०) दिन सम्मको म्याद थप दिन सक्ने व्यवस्था समेत उक्त ऐनले गरेको छ । यसरी थप गरिएको म्याद भित्र पनि सम्पत्ति बिवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई **रु. ५,०००।- (पाँच हजार रुपैयाँ)** जरीवाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८(ग) मा उल्लेख भए अनुसार राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारहरु मध्ये सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम दिएको सम्पत्ति विवरण र आयको अनुगमन गर्नु पनि पर्दछ। त्यस्तै, राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ को नियम ९ र १० मा केन्द्रले सार्वजनिक पद धारण गरेको व्यक्तिले नियमित रुपमा सम्पत्ति बिवरण पेश गरे वा नगरेको सम्बन्धमा अनुगमन गर्दा कुनै व्यक्तिले सम्पत्ति विवरण पेश गरेको नदेखिएमा केन्द्रले त्यस्तो व्यक्ति उपर ऐनको दफा ५०(३) बमोजिम कारवाही गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष लेखी पठाउन सक्ने व्यवस्था समेत रहेको छ ।

## आ.व. २०७२/७३ र २०७३/७४ को सम्पती विवरणको तुलनात्मक तालिका

| | आ.व. २०७२।७३ | | | | | आ.व. २०७३।७४ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| निकाय | समयमा बुझाउने | समय पश्चात बुझाउने | नबुझाउने | जम्मा | नबुझाउने प्रतिशत | समयमा बुझाउने | समय पश्चात बुझाउने | नबुझाउने | जम्मा | नबुझाउने प्रतिशत |
| निजामती | ७८०२८ | ८६ | ४४१६ | ८२५३० | ५.३५ | ८२१३१ | ० | ४५२५ | ८६६५६ | ५.२२ |
| शिक्षक | ७२५०७ | ० | १०२१५ | ८२७२२ | १२.३५ | ६९१९१ | ० | ११४५५ | ८०६४६ | १४.२० |
| सैनिक | ८९४७३ | ० | २६१३ | ९२०८६ | २.८४ | ९२२३७ | ० | १४४५ | ९३६८२ | १.५४ |
| प्रहरी | ९६०२३ | ३६ | ४९२ | ९६५५१ | ०.५१ | १०१०९५ | २२ | ११३ | १०१२३० | ०.११ |
| अन्यः | ८१९०२ | ३३०३ | २३७७ | ८७५८२ | २.७१ | ८४५१८ | ८१२ | १५९६ | ८६९२६ | १.८३ |
| जम्माः | ४१७९३३ | ३४२५ | २०११३ | ४४१४७१ | ४.५६ | ४२९१७२ | ८३४ | १९१३४ | ४४९१४० | ४.२६ |

निजामती, शिक्षक, सैनिक र प्रहरी बाहेक अन्य सार्वजनिक पद धारण गरेका संघ/संस्थान/समिति/आयोग लगायत निकायहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुको निकायगत विवरण यस प्रकार रहेको छ ।

| आर्थिक वर्ष २०७३।७४ को सम्पति विवरणको संक्षिप्त झलक | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | निकाय | समयमा बुझाउने | म्याद पश्चात बुझाउने | नबुझाउने | कूल जम्मा | कैफियत |
| १ | राष्ट्रपतिउपराष्ट्रपतिको/ कार्यालय | ३१ | ० | ० | ३१ | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५८१ | ९ | ५ | ५९५ | |
| ३ | व्यवस्थापिका संसद सचिवालय | ५६९ | ४ | २० | ५९३ | |
| ४ | परराष्ट्र मन्त्रालय | १२८ | ० | ० | १२८ | |
| ५ | गृह मन्त्रालय | ६१५ | ० | २८ | ६४३ | |
| ६ | शिक्षा मन्त्रालय | १५६४८ | १०८ | २६२ | १६०१८ | |
| ७ | अर्थ मन्त्रालय | १०५५४ | १५ | ५२ | १०६२१ | |
| ८ | उद्योग मन्त्रालय | १९१९ | ० | ७ | १९२६ | |
| ९ | श्रम तथा रोजगार मन्त्रालय | ४०६ | १५ | १ | ४२२ | |
| १० | जनसंख्या तथा वातावरण मन्त्रालय | १८५ | ० | ० | १८५ | |
| ११ | पशुपंक्षी विकास मन्त्रालय | २५०९ | ३ | ३५ | २५४७ | |
| १२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३०६ | ० | ३ | ३०९ | |
| १३ | सामान्य प्रशासन मन्त्रालय | ४६७ | ३ | ० | ४७० | |
| १४ | सिंचाइ मन्त्रालय | २४३० | ४ | २९ | २४६३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | सूचना तथा सञ्चार मन्त्रालय | ५७९४ | ० | १६ | ५८१० | |
| १६ | स्वास्थ्य मन्त्रालय | २४९८ | ३१२ | १८७ | २९९७ | |
| १७ | कृषि विकास मन्त्रालय | १८५६ | ० | २२ | १८७८ | |
| १८ | वाणिज्य मन्त्रालय | २०५ | ० | ० | २०५ | |
| १९ | आपूर्ति मन्त्रालय | १६३४ | ० | २४ | १६५८ | |
| २० | खानेपानी तथा सरसफाई मन्त्रालय | २०८० | ० | ४८ | २१२८ | |
| २१ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ७३१ | १८ | ० | ७४९ | |
| २२ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १८८३ | १२८ | ० | २०११ | |
| २३ | महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय | ३४४ | १० | २ | ३५६ | |
| २४ | युवा तथा खेलकूद मन्त्रालय | १०४५ | ४ | २८ | १०७७ | |
| २५ | वन तथा भूसंरक्षण मन्त्रालय- | ६६९ | २ | ८ | ६७९ | |
| २६ | विज्ञान तथा प्रविधि मन्त्रालय | २३८ | ० | ० | २३८ | |
| २७ | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३१४८ | १९ | ५३ | ३२२० | |
| २८ | उर्जा मन्त्रालय | ८७७४ | ० | २१३ | ८९८७ | |
| २९ | कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय | ६३ | ० | ० | ६३ | |
| ३० | सहरी विकास मन्त्रालय | २५१५ | ३ | ९ | २५२७ | |
| ३१ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | १२० | ० | ० | १२० | |
| ३२ | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १४५३७ | १५५ | ५४४ | १५२३६ | |
| ३३ | प्रहरी किताबखाना | १०१०९५ | २२ | ११३ | १०१२३० | |
| ३४ | विद्यालय शिक्षक किताबखाना | ६९१९१ | ० | ११४५५ | ८०६४६ | • |
| ३५ | नेपाली सेनासैनिक अभिलेखालय/ | ९२२७३ | ० | १४४५* | ९३७१८ | * विदेशमा रहेका |
| ३६ | निजामती किताबखाना | ८२१३१ | ० | ४५२५ | ८६६५६ | |
| | जम्मा: | ४२९१७२ | ८३४ | १९१३४ | ४४९१४० | |

- *नेपाली सेना सैनिक अभिलेखालयको प.सं.१३४४३ / स.वि./ ०७४/७५/६ मिति २०७४/०७/२४ को पत्रबाट बुझाउन नपाएका १४४५ जना हाल बिदेशमा कार्यरत रहेका हुनाले स्वदेश फिर्ता भएको मितिले ३० दिन भित्र सम्पत्ति विवरण पेश गर्न लगाई रेकर्ड राख्ने व्यवस्था मिलाईएको भन्ने व्यहोरा उल्लेख भै आएको ।*

- *बिद्यालय शिक्षक किताबखानाको प.सं. प्रशासन च.नं. २१०० मिति २०७४/०८/२७ को पत्रबाट समयमा दर्ता भएका तर सम्पति विवरण बुझाउँदा खाममा शिक्षक संकेत नंर नाम .नउल्लेख नगरेको जस्ता विभिन्न कारणले कम्प्युटरमा प्रविष्ट हुन नसकी छुट्टै रजिष्टरमा दर्ता गरीएको जम्मा शिक्षक ४४३० जना र सम्पती विवरण समय भित्र नबुझाउने शिक्षक संख्या ११४५५ जना भएको भनी उल्लेख भइ आएको ।*

आ.व. २०७२।७३ मा सम्पत्ति विवरण बुझाउने/समय पश्चात बुझाउने र नबुझाउनेको संख्या ४,४१,४७१ जना रहेकोमा आ.व. २०७३।७४ मा जम्मा ४,४९,१४० जना रहेको विवरण प्राप्त भएको छ । आ.व. २०७२।७३ मा भन्दा आ.व. २०७३।७४ मा ७,६६९ जनाको थप विवरण प्राप्त भएको छ । आ.व. २०७२।७३ मा सम्पत्ति विवरण नबुझाउनेको प्रतिशत ४.५६ रहेकोमा आ.व. २०७३।७४ मा सो घटेर ४.२६ प्रतिशत रहेको देखिन्छ (गत आ.व. २०७२।७३ मा भन्दा आ.व. २०७३।७४ मा ०.३० प्रतिशत बढी पदाधिकारी/कर्मचारीहरुले सम्पत्ति विवरण बुझाएको देखिन्छ) ।

२०७४।११।६

(विष्णुराज लामिछाने)

सह-सचिव

(प्रवक्ता)

राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाण्डौं ।

धन्यवाद ।